# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ९, संख्याः ५, असार ३२ गते, २०८२ साल**


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (दोस्रो संशोधन), २०८२

सभाबाट स्वीकृत मिति : २०८२।३।२४

व्यास नगरपालिकाको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाबाट स्वीकृत भई व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| क्र.स. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप/घट) |
|---|---|---|
| १. | ऐनको दफा ३० (२) नगरपालिकाको स्वामित्वमा रहेको भवन तथा जग्गामा पेशा व्यवसाय गर्ने व्यक्ति वा संस्थाले सम्झौतामा तोकिए बमोजिम मासिक भाडा हरेक महिना समाप्त भएपछि ७ गते भित्र बुझाएमा दुई प्रतिशत छुट हुनेछ । सो अवधि पछि सोही महिनाको १५ गतेसम्म भाडा रकम दाखिला गरेमा छुट वा जरिवाना हुने छैन र १६ औं दिनदेखि सो महिना भित्र बुझाएमा दुई प्रतिशत जरिवाना लाग्नेछ, त्यसपछि प्रति महिना ५ प्रतिशतका दरले थप जरिवाना लाग्नेछ । | नगरपालिकाको स्वामित्वमा रहेको भवन तथा जग्गामा पेशा व्यवसाय गर्ने व्यक्ति वा संस्थाले सम्झौतामा तोकिए बमोजिम मासिक भाडा हरेक महिना समाप्त भएपछि १० गते भित्र बुझाएमा दुई प्रतिशत छुट हुनेछ । सो अवधि पछि सोही महिनाको मसान्तसम्म भाडा रकम दाखिला गरेमा छुट वा जरिवाना हुने छैन र अर्को महिनादेखि प्रत्यके महिनाको दुई प्रतिशतका दरले जरिवाना लाग्नेछ । |

आज्ञाले
काशी राम गैरे
प्रमुख प्रशासकीय अधिकृत